# प्रगतिउन्मुख नेपाली डायस्पोरा र एनआरएनए

डा हेम राज शर्मा
प्रवक्ता, गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद

नेपाली डायरस्पोराको ईतिहास धेरै लामो छैन। नेपाल सधै स्वतन्त्र भएकोले दक्षिण एशियाली मुलुकका देशहरुबाट उपनिवेसमा राख्ने देशमा बसाई सर्ने अवस्था नेपालीमा रहेन। १९९० मा भएको राजनैतिक परिवर्तन पछि सर्वसाधरण नेपाली विदेश जाने क्रम बढ्यो। द्वन्दकालमा यो सँख्या निकै बढ्यो। अहिले १०० भन्दा बढी देशमा ३० लाख भन्दा बढी र भारतमा मात्रै ५० लाख भन्दा बढी नेपालीहरु रहेको अनुमान गरिएकोछ। विदेशी भूमिमा विगत २० वर्षको छोटो अवधीमा गरेको प्रगतिले नेपाली डायस्पोराले नेपाल र नेपालीका लागी योगदान गर्ने प्रशस्त संभावना रहेको देखाएको छ। गैर आवासीय नेपाली संघ (एनआरएन) ले विगत दश देखी डायस्पोरा नेपालीलाई एककृत गर्दै, उनीहरुलाई नेपालसँग जोड्दै नेपालको आर्थीक र सामाजिक विकाशमा टेवा पुराउन कोशिश गरेको छ। राष्ट्रले पनि गैरआवासीय नेपालीहरुले देशको आर्थीक र सामाजिक विकाशमा योगदान गर्न सक्ने  अनुभूत गरेको छ। सन २००७ मा 'एक गैरआवासीय नेपाली ऐन' र २००९ मस यस अन्तर्गतको नियमावली ल्याएर बाहिर बस्ने नेपालीलाई कानूनी मान्यता दिएकोछ भने एनआरएनले डायस्पोराको प्रतिनिधित्व गर्दै देश विकासमा सहयोग गर्ने प्रयत्न गर्दैछ।

डायस्पोरा वा एनआरएनवाट सरकारको ठुलो अपेक्षा आर्थिक लगानीमा रहेको छ। लगानीको वातावरण तयार गर्न गैरआवासीय नेपाली संघले दिएका अधिकांश सुझावहरु सरकारले पुरा गरेकोछ। सन् २०१२/०१३ लाई लगानी वर्षका रुपमा मनाउन गठित समिति, नेपाल सरकारको आर्थिक सल्लाहकार परिषद र गैरआवासीय नेपाली सम्वन्धी सल्लाहकार वोर्डमा संघका अध्यक्षलाई मनोनित गरेबाट डायस्पोरालाई जिम्मेवार बनाएकोछ। विदेशमा स्थापित हुदै गरेका पहिलो पुस्ताका गैरआवासीय नेपालीहरुले एकल रुपमा नेपालमा ठुलो लगानी भित्राउन सक्ने स्थिति छैन। यसको महसुस सरकारले गर्नु पर्दछ। यसै कारणले एनआरएनले शुरु देखि नै संयुक्त लगानीमा जोड दिएकोछ। हालको कार्यसमितिको पहिलो बैठकद्धारा सामूहिक लगानी कोष खडा गरी १०० मेगावाटको एउटा जलविद्युत परियोजना निर्माण गर्ने निर्णय गरेको छ। अध्यक्षको दर्जनौ देशको दौडाहा र शुभचिन्तकहरुले सहयोगले एनआरएन ईन्भेष्टमेन्ट कम्पनी दर्ता गरी एक अरवको पुँजी जम्मा गरी जलविधुत परियोजनाको छनोट पनि करिव करिव भई सकेकोछ। एक वर्ष भित्र भएकोले यस प्रगतीले उत्साह थपेकोछ। अब दोश्रो चरणमा बाहिर बस्ने जन स्तरका नेपाली डायस्पोराहरुलाई लगानीमा सरिक गराउन आवश्यक छ।

पुँजीको अलावा बाहिर सिकेको ज्ञान र सीपलाई नेपालमा सदुपयोग गर्नु पर्ने एनआरएनले जोड दिदै आएकोछ। नेपाल सरकारले पनि यसको महसुस गर्न थालेकोछ। खुला विश्व विद्यालय स्थापनाको लागी एनआरएनले खेलेको भूमिकाका कारणले सरकारबाट गठित खुला विश्व विद्यालय पुर्वाधार निर्माण समितिमा एनआरएनका प्रतिनिधीलाई समावेस गरिएको छ। ठुला खालका यी परियोजनाका अलावा विदेशमा सिकेको सीपलाई नेपालमा सदुपयोग गरेका थुप्रै उदाहरणहरु छन्। ईजरायलबाट फर्केर जितपुरफेदिमा तरकारी खेती गरेका युवाहरु अनुकरणीय छन। एनआरएन र नेपाल सरकारले उनीहरु जस्ता युवालाई उपत्प्रेरण गर्ने कार्यक्रम ल्याउन सकेकमा अझ बढी युवाहरु आकर्षित हुनेछन।

सरकारले चासो नराखेको तर संघले चाहना गरेको अर्को पक्ष च्यारिटी हो। संघका अगुवाहरुको व्यक्तिगत प्रयासबाट ठुला खालका दुईचारवटा परियोजना सम्पन्न भए पनि संयुक्तरुपमा चितवनको बृद्दाश्रम बाहेक अरु बन्न सकेको थिएन। गैर आवासीय नेपाली दिवस २०१२ को अवसरमा पाचवटै विकास क्षेत्रमा पुगेर ५ करोडका ३४ वटा परियोजनाको शिलल्यास वा उद्धटान भएका छन भने यसै दिवसमा करीव ३ करोडका अरु परियोजनाहरुको घोषणा भएका छन। सहयोगको भावनाको त्यो मोमेन्टमलाई कायम राख्नु जरुरीछ। आफू जन्मे हुर्केको गाउँ ठाउँ स्कुल अस्पतालमा स-साना खालका सहयोग प्रशस्त भएका छन। व्यक्तिगतरुपमा गएका च्यारिटीलाई व्यवस्थित बनाउन अहिले पहल भएको छ। विदेशीले दिने यस्तै सहयोगलाई फूलको मालाले स्वागत गर्नेहरु-यस्ता कामका लागि आवासीय नेपाली काफी छन भन्ने- व्यङगबाण खप्नु पर्दछ। तर उनीहरुको भनाई तिर ध्यान नदिई सहयोगका हातहरु बढाउनु जरुरीछ। च्यारिटीका कामहरुको अभिलेख राखी विश्व सम्मेलनमा सार्वजनिक गर्ने एनआरएनको सोच रहेको छ। प्राकृतिक प्रकोप लगायत च्यारिटिका लागि संकलित रकमलाई सम्वन्धित पक्षसम्म पुर्याउन हेल्प नेपाल नेटवर्कसँग सहकार्य गर्ने संघको निर्णयले यसको लागि विगतमा जस्तो कठिनाइ भोग्नु पर्ने छैन। हेल्प नेपालसँगको सहकार्यके नेटवर्क र डायस्पोराको संवन्धलाई पनि बढाएकोछ।

वैदेशिक रोजगारमा रहेका नेपालीहरुको सहयोगको लागी एनआरएनबाट धैरै अपेक्षा गरिएकोछ। यस बिषयमा एनआरएनले भावनामा भन्दा आफ्नो क्षमता र सीमा भित्र रहेर प्रतिवद्दता जनाउनु पर्दछ। संघले वैदेशिक रोजगारमा देखिएका समस्याको पहिचान गरी सरकारको नीति निर्माणमा सुझाव दिंदै आएकोछ। यसैका लागि पहिलो र पांचौ गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन मध्यपूर्वमा आयोजना गरेको थियो। त्यहाँ आई पर्ने समस्याका बारे सरकारलाई घचघचाउने काम नियमितरुपमा भएको छ। त्यस क्षेत्रमा कार्यरत गैरसरकारी सँस्थाहरुसँग सहकार्य गर्ने सहमति हालै भएकोछ। अल्पकालिन रोजगारमा जाने नेपालीलाई एनआरएनमा समाहित गर्न संघले १८३ दिने परिभाषाको अडान राख्दै संघको दर्ता नै नगरि बसेकोछ। तर यस क्षेत्रका गैरआवासीय नेपालीहरु यस्ता नीतिगत र सैद्धान्तिक भन्दा दैनिक जीवनमा आईपरेका समस्याहरुमा एनआरएनले सहयोग गरोस भन्ने चाहन्छन। यसको लागि एनआरएनको एक्लो प्रयासले मात्र संभव छैन। यस क्षेत्रमा कार्यरत गैरसरकारी सँस्था, नेपाली सँघ सँस्थाहरु र नेपाली राजदूताबासहरुको संयुक्त प्रयास हुनु जरुरी छ। त्यसमा पनि यस क्षेत्रका राष्ट्रिय समन्वय परिषदहरु र अन्तर्राष्ट्रिय परिषदका पदाधिकारीहरु बढी सकृय हुनु जरुरी छ। वैदेशिक रोजगारमा जाने युवाहरुलाई जानकारीमूलक किताब र डकुमेन्टरी गाउँ गाउँमा पुर्याउने संघले निर्णय गरेकोछ। यसलाई छिटै अगाडी बढाउन सक्यौं भने समस्याको रोकथाममा केही सहयोग पुग्नेछ।

विदेशका नेपालीहरुको समस्याका लागि गैरआवासीय नेपाली संघ र संबन्धित नेपाली राजदूतावासहरुबीच सहकार्य महत्वपूर्णछ। परराष्ट्र मन्त्रालयले गैरआवासीय नेपाली सम्वन्धी विषय हेर्न नेपाली राजदूतावासहरुमा फोकल प्वाईन्ट तोक्न दूतावासहरुलाई दिएको निर्देशनले संघ र दूतावास बिचको सहकार्यलाई बढी आवश्यक बनाएकोछ। १०० भन्दा बढी देशमा नेपालीहरु बसोबास गर्दै आएको अनुमान छ। यति धैरै देशमा नेपाली दूतावासहरुको पहुच पुग्न सक्दैन। त्यसैले ६४ देशमा सञ्जाल फैलाई सकेको एनआरएनले अवैतनिक दूतावासको काम गर्न सक्छ। दक्षिण पूर्वी अफ्रिकी देश मदागास्कारमा रोजगारको सिलसिलामामा विचल्लीमा परेका नेपालीलाई एनआरएन नाईजेरियाले गरेको सहयोगको एउटै उदाहरण काफि छ एनआरएको उपस्थितिको महत्वका बारेमा।

बाहिर बस्ने नेपालीलाई नेपालको निर्वाचनमा सहभागी बनाउने संभावना बारे संघ र निर्वाचन आयोग बीच भएको छलफल पछि यसको संभाव्यताबारे अध्ययन गर्न एक समिति गठन भएकोछ। समितिमा संघका अध्यक्ष, गृह, परराष्ट्र, कानून मन्त्रालय र निर्वाचन आयोगका सहसचिवहरु सदस्य रहेका छन्। यसको अध्ययन गर्न निर्वाचन आयोगको एक प्रतिनिधि मण्डलले कोरिया, फिलिपिन्स लगायतका देशको भ्रमण थालेको छ। नेपाल बहिर रहेका करिव एक तिहाई मतदातालाई नेपालको राजनैतिक भविष्यको निर्णयमा सरिक गराउने मौकाका लागि एनआरएनले आफ्नो भूमिका केन्द्रमा रहेकोछ।

पहिलो पुस्ताका गैरआवासीय नेपालीहरुका आफ्नै समस्या संगै दोश्रो पुस्ताका गैरआवासीय नेपालीहरुबारे अब सोच्नु पर्ने बेला भएकोछ। विकसित राष्ट्रको लगानीमा उत्पादन हुने दोश्रो पुस्ताको जनशक्तीलाई नेपालले सदुपयोग गर्ने वतावरण तयार गर्नु पर्दछ। जहाँ रहे पनि नेपाल प्रतिको सदभाव उनीहरुले पहिलो पुस्ताबाट हेरिटेज गरेकै हुन्छन। संभवत: लण्डन ओलम्पिकको उद्घाटनमा नेपालको झण्डा देख्दा उनीहरुले जति गौरव गरे आफू बसेको देशको झण्डामा त्यति गरेनन होला।नेपाल प्रतिको केही गरौ भन्ने भावनालाई नगारिकताको प्राविधिक कठिनाईले ठेस पुराउदै आएकोछ।विदेशी नागरिकता लिदा नेपालको नागरिकता स्वत: रद्द हुने व्यवस्थाले अन्तर्राष्ट्रिय मञ्चमा उनीहरुको प्रतिनिधित्व प्रति प्रश्न उठने गर्छ। विश्व सुन्दरीको प्रतिस्पर्द्धामा नेपालको प्रतिनिधित्व गरेकी बेलायतमा बसोबास गर्दै गरेकी सृष्टि श्रेष्ठले निर्धक्कसँग नेपाली हुँ भन्ने, नेपालको तर्फबाट ओलम्पिकको बक्सिङमा भाग लिने रहर बोकेकी बेलायत कै दिना गुरुङले कुनै कठिनाई नभोगी छनोट प्रकृयामा भाग लिन पाउने वातावरण बन्न सक्यो भने दोश्रो पुस्ताका गैरआवासीय नेपालीहरुले देशका लागि प्रचुर संभावना बोकेका छन जहाँ भए पनि हामी सबै नेपाली हौं भन्ने भावनाले एकआपसमा सहयोगका हात फैलाउँ। नेपालीका लागि नेपाली, डायस्पोराका लागि डायस्पोरा।

(पुर्व प्रकाशित परिमार्जित लेख)